**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १२ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- आज राष्ट्रिय युवा दिवस हो। हरेक वर्ष 12 जनवरीमा महान आध्यात्मिक गुरु, दार्शनिक र चिन्तक स्वामी विवेकानन्दको जन्मजयन्तीलाई युवा दिवसको रूपमा मनाइन्छ।
- तृणमूल कंग्रेसको इंग्लिश बजार नगरपालिकाका पार्षद दुलाल सरकारको हत्याको मामिलामा सामेल दुईजना आरोपीहरूको मोबाइल फोनको लोकेशन बारम्बार परिवर्तन भइरहेको पुलिसले बताएको छ।
- हात्तीको आक्रमणमा परी अलिपुरद्वारको दक्षिण लताबारीमाया एक पुलिस कन्स्टेबलको मृत्यु भएको छ।
- आज चुङथुङ मेरिबोङ तामसाङ समष्टि अन्तर्गत मेरिबुङ सार्वजनिक भवनमा पाँच डेसिमल जमीनको विरोधमा एक संयुक्त सभा सम्पन्न भयो, जसमा बिभिन्न पार्टीका वक्ताहरुले पाँच डेसिमल जमीनको सबैले विरोध गर्ने आह्वान गरे।
- कालेबुङ कन्या उच्चतर माध्यमिक विद्यालयकी विद्यार्थी प्रशान्ति सुनवारले भोपालको रविन्द्र भवनमा आयोजित 31औँ राष्ट्रिय बाल विज्ञान कङ्ग्रेसमा पश्चिम बंगालको प्रतिनिधित्व गर्दै आफ्नो उत्कृष्ट प्रतिभा प्रदर्शन गरेकी छिन्।

**राष्ट्रिय युवा दिवस**

आज राष्ट्रिय युवा दिवस हो। हरेक वर्ष 12 जनवरीमा महान आध्यात्मिक गुरु, दार्शनिक र चिन्तक स्वामी विवेकानन्दको जन्मजयन्तीलाई युवा दिवसको रूपमा मनाइन्छ। राष्ट्रपति, उपराष्ट्रपति अनि प्रधानमन्त्रीले स्वामी विवेकानन्दलाई उहाँको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गरेका छन्।

**पार्षद हत्या-मामला**

तृणमूल कंग्रेसको इंग्लिश बजार नगरपालिकाका पार्षद दुलाल सरकारको हत्याको मामिलामा सामेल दुईजना आरोपीहरूको मोबाइल फोनको लोकेशन बारम्बार परिवर्तन भइरहेको छ। यसैले आरोपीहरूलाई खोज्न पुलिसलाई गाह्रो भइरहेको छ। जाँचसित सम्बन्धित एकजना अधिकारी अनुसार राज्य पुलिसले अहिलेसम्म यी आरोपीहरूको पहिचान सार्वजनिक गरेको छैन। पुलिसको भनाइ अनुसार, आरोपीहरूको पहिचान त्यसबेला मात्र उजागार गरिनेछ जतिबेला उनीहरूलाई पक्राउ गरी कोर्टमा पेश गरिनेछ। साइबर क्राइम यूनिटको सहयोगद्वारा खोजी अभियान जारी छ| यसमा राज्य पुलिसको आपराधिक जाँच विभाग (सीआईडी)-को साइबर क्राइम यूनिटको पनि सहयोग लिइँदैछ ताकि भगौड़ा आरोपीहरूलाई चांड़ै पक्राउ गर्न सकियोस्। प्राप्त जानकारी अनुसार हत्या भएको एक दिनपछि उनीहरुको मोबाइल लोकेशन दार्जीलिङ जिल्लाको सिलगढ़ी शहरमा पाइएको थियो अनि त्येस पछि केही दिनसम्म उनीहरूको मोबाइलको लोकेशन नेपालमा भेटियो। यद्यपि पछिल्लो केही दिनदेखि उनीहरूको मोबाइलको लोकेशन लगातार बिहार अनि उत्तर प्रदेशबीच परिवर्तन भइरहेको छ। जाँचमा यो पनि पत्तो लागेको छ कि दुलाल सरकारको हत्याको लागि दश लाख रुपियाँभन्दा अधिक खर्च गरिएको थियो। यसको लागि शुटरहरूलाई भाड़ामा लिइएको थियो। गत 2 जनवरीको बिहान दुलाल सरकारमाथि त्यसबेला आक्रमण भयो जतिबेला तिनी क्षेत्रको एक व्यस्त चौरस्तामा बसेका थिए। तीनजना हेलमेट लगाएका आक्रमणकारीहरू एउटै मोटर साइकलमा सवार भएर आएका थिए। यिनीहरूमध्ये एकजनाले पार्षदमाथि गोली चलाए। त्यसपछि उनलाई तत्काल मालदा मेडिकल कलेज अनि अस्पतालमा लगियो जहाँ उहाँको मृत्यु भएको थियो।

**हात्ती आक्रमण-कन्स्टेबल मृत्यु**

हात्तीको आक्रमणमा परी एक पुलिस कन्स्टेबलको मृत्यु भएको छ। घटना अलिपुरद्वार जिल्लाको दक्षिण लताबाडी क्षेत्रमा भएको हो। स्थानीय स्रोतका अनुसार दार्जिलिङमा पुलिस कन्स्टेबलको रूपमा कार्यरत सोही क्षेत्रका बासिन्दा सिन्टु तिग्गा हालै छुट्टीमा दक्षिण लताबाडीमा रहेको आफ्नो घरमा आएका थिए। आज बिहानै बक्सा जंगलबाट जंगली हात्तीहरूको समूहबाट छुटेको एउटा हात्ती त्येस क्षेत्रमा प्रवेश गरी ठूलो क्षति पुऱ्याउन थाल्यो। हात्ती आएको खबर पाउने बित्तिकै सिन्टु, उनका दुई दाजुभाइ र

भतिजा घरबाट बाहिर निस्किए र हात्तीलाई खेद्न थाले। यसै क्रममा हात्तीले सिन्टुलाई आक्रमण गरेको र घटनास्थलमै उनको मृत्यु भएको बताइएको छ।

**जीटीए आइडल**

जीटीए आइडलको सदर-1 समष्टि प्रतियोगिताको अडिशन आगामी 24 जनवरीको दिन सम्पन्न हुने तय भएको छ। दार्जीलिङ सरकारी महाविद्यालयमा सम्पन्न हुने यस अडिशनका लागि रेजिस्ट्रेशन फर्म स्थानीय विभिन्न स्थानहरूबाट प्राप्त गर्न सकिनेछ। जसको शुल्क केवल 100 रूपियाँ राखिएको पनि बताइएको छ। स्मरण रहोस्, गत 9 जनवरीको दिन जीटीएको सूचना एवम् सांस्कृतिक विभागले पत्रकार सम्मेलन आयोजन गर्दै जीटीए आइडलको लोगो अनि प्रोमो लञ्च गरेको थियो। यसै अवधि जीटीए सूचना एवम् सांस्कृतिक विभागका कार्यकारी सभासद अनोस थापा अनि विभागका सह-निदेशक भूपेन्द्रकान्त घिसिङले आगामी हुने जीटीए आइडलको पारितोषिकको पनि घोषणा गरेका थिए। जीटीए आइडलका विजेतालाई अढ़ाई लाख रुपियाँ, उप-विजेतालाई डेढ़ लाख अनि तेस्रो विजेतालाई एक लाख नगदराशि पारितोषिकको रूपमा प्रदान गरिइने बताइएको छ।

**अम्बोटे स्वामी विवेकानन्द**

अम्बोटे स्थित महाकाली धाम टार गाउँमा नेपाली संस्कृति परिसद साथै टार गाउँ महकाल धाम संचालन समितिको आयोजनमा स्वामी विवेकानन्दको जन्म जयन्ती साथै राष्ट्रिय युवा दिवस पालन गरियो।यस अवसरमा आकाशवाणी खरसाङका समाचार एकांश प्रभारी अशोक चौरासिया प्रमुख अतिथि, नेपाली संस्कृति परिषदका पश्चिम बङ्गाल अध्यक्ष सुदर्शन अम्बोटे विशिष्ट अतिथिको रुपमा उपस्तिथि रहेको थियो भने अम्बोटे शिवधामका मूल पुरोहित गङ्गा प्रसाद शर्माको अध्यक्षता रहेको कार्यक्रममा विगत महिनामा नेपाली संस्कृति परिषदद्वारा अयोद्यामा आयोजित कार्यक्रम सहभागी सदस्यहरूको पनि उपस्थिति रहेको थियो। कार्यक्रममा सेरोन मङ्गरले स्वामी विवेकानन्दको जीवनी पठन गरेकी थिइन भने प्रमुख अतिथि अशोक चौरासीयाले स्वामी विवेकानन्दको जीवनसित जोडिएका महत्वपूर्ण घट्नाहरुबारे जानकारी गराउनु भएको थियो।

**विवेकानंद जयंती – सिलगडी**

स्वामी विवेकानंद जी को 163 ओ जयंती आज सिलगडी अनि छेउ-छाउको इलाकाहरुमा धूमधाम सित पालन गरियो। केहि स्थानहरुमा माल्यार्पण गरियो भने केहि स्थानहरुमा जुलूस निकालियो। यसरी नै भारतीय दुतावासको आयोजनामा काठमांडूमा पनि स्वामी विवेकानंद जी को जन्म जयन्ति पालन गरियो|

**पाँच डेसिमल- विरोध**

आज चुङथुङ मेरिबोङ तामसाङ समष्टि अन्तर्गत मेरिबुङ सार्वजनिक भवनमा पाँच डेसिमल जमीनको विरोधमा एक संयुक्त सभा सम्पन्न भयो। गोर्खा राष्ट्रिय मुक्ति मोर्चा चुङथुङ ऋषीहाट समष्टि अध्यक्ष जे के राईको अध्यक्षतामा सम्पन्न सभामा भाजपा, गोरामुमो, इन्डियन गोर्खा जनशक्ति फ्रन्ट, क्रामाकपा, गोजमुमो लगायत पार्टीका विशेष प्रतिनिधीहरुको उपस्थिती रहेको थियो। सभामा क्रमाकपाका सन्तवीर राईले पाँच डेसिमल जमीन प्रदान गर्ने कार्य गोर्खा जातिलाई शरणार्थी बनाउने षडयन्त्र रहेको बताउदै यसको विरोधमा सबै एकजुट हुनु पर्ने उहाले आह्वान गर्नुभयो । सभामा बिभिन्न पार्टीका वक्ताहरुले पाँच डेसिमल जमीनको विरोध सबैले गर्नु पर्छ भन्ने आह्वान पनि गरे।

**छात्र- मृत्यु**

स्वामी विवेकानन्दको जन्मोत्सवमा आयोजित विवेक उत्सवको अवसरमा आज राज्यको विभिन्न भागहरुमा मैराथन दौड़को आयोजन गरियो। यस क्रममा उत्तर बंगाल कृषि विश्वविद्यालयको तर्फबाट कूचबिहारमा पनि मैराथन दौड़को आयोजन गरिएको थियो। मैराथनको अवधि कालेबुंग जिल्लाको गोरुबथान निवासी एक छात्रको मृतु भएको छ। मृतकको नाम 20 बर्षिय रियाज राय बताईएको छ। कृषि विश्वविद्यालयमा प्रथम वर्षका छात्र रियाज राय केहि पर सम्म दौडिएपछि लडे। त्येसपछि उनलाई कूचबिहार एम जे एन मेडिकल कॉलेज अस्पताल लगियो जहां डॉक्टर्हरुले उनलाई मृत घोषित गरियो। पुलिसले अप्राकृतिक मृतुको मामला दर्ता गरेर घटनाको जांच शुरू गरेको छ।

## अजय एडवर्ड्स

इण्डियन गोर्खा जनशक्ति फ्रण्टका संयोजक अजय एड्वर्ड्सले विपक्षी पार्टीहरूमाथि कटाक्ष प्रहार गर्दै कठपुतली भएर होइन, गोर्खा भएर बाँच्नुपर्ने आह्वान गर्नु भएको छ। उहाँले इण्डियन गोर्खा जनशक्ति फ्रण्टले जाति र माटोको कुरा गर्ने आँट र हिम्मत दिएको बताउँदै हाल इण्डियन गोर्खा जनशक्ति फ्रण्टमा समर्थन गर्नेहरूको घुइँचो लागिरहेको पनि बताउनु भयो। तकदाह टिस्टा-भेल्लीमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टको समर्थन कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा एड्वर्डसले यस्तो मत व्यक्त गर्नु भएको हो।

## कालेबुङ प्रशान्ति सुनुवार

कालेबुङ कन्या उच्चतर माध्यमिक विद्यालयकी विद्यार्थी प्रशान्ति सुनवारले गत 3 जनवरी देखि 6 जनवरीसम्म भोपालको रविन्द्र भवनमा आयोजित 31औँ राष्ट्रिय बाल विज्ञान कङ्ग्रेसमा पश्चिम बंगालको प्रतिनिधित्व गर्दै आफ्नो उत्कृष्ट प्रतिभा प्रदर्शन गरेकी छन्। विद्यालयकी प्रधानाध्यापक निममायल लेप्चाले यसबारे जानकारी दिँदै भन्नुभयो, प्रशान्तिले राज्यका अन्य 30 जना विद्यार्थीहरूसँग मिलेर आफ्नो परियोजना कम मूल्याङ्कन गरिएका कोदोको गुणहरू पुनर्मूल्याङ्कन शीर्षकमा प्रस्तुत गरिन्, जसले राष्ट्रिय स्तरमा प्रशंसा प्राप्त गर्‍यो।

## कोकीन-पक्राउ

स्पेशल टास्क फ़ोर्स (एसटीएफ) अनि खालपाड़ा चौकीको पुलिसले एक व्यक्तिलाई कोकीनको कालो बजारीको आरोपमा पक्राउ गरेको छ। पक्राउ गरिएको आरोपितको नाम सरताज अली हो। उनि सिलगडी नगर निगमको 6 नंबर वार्ड अंतर्गत डांगीपाड़ा इलाकाका बासिन्दा हुन्। पुलिस सुत्रहरु अनुसार, आरोपितले लामो समयदेखि लुगाको ब्यवसायको नाममा कोकीनको धंधा गरिरहेका थिए।

## टिस्टा बाढी ज्ञापन

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा टिस्टा शाखा, टिस्टा ग्राम पञ्चायत अनि पञ्चायत समितिको संयुक्त प्रतिनिधि टोलीले आज टिस्टा बाढ़ी पीड़ितहरूको दीर्घदिनको पुनः सर्वेक्षणको मागलाई ध्यानमा राख्दै जीटीए पक्षबाट आधिकारिक पत्र एनएचपीसी अधिकारीलाई सुम्पिने काम गर्‍यो।

****** ० ******